# स्थानीय राजपत्र


## सुन्दरहरैंचा नगरपालिका, विराटचोक, मोरङद्वारा प्रकाशित

**खण्ड: ७ संख्या: ८ चैत २८ गते, २०८०**


## भाग-२

## विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०८०

**प्रमाणीकरण मिति: २०८० चैत २८ गते**

**<u>प्रस्तावना:</u>**

सुन्दरहरैंचा नगरपालिकाको समुदायमा गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि मुख्य चुनौतीको रूपमा विद्यमान रहेकोले विपन्न, दलित तथा आर्थिक सामाजिक रूपले समस्यामा परेका नागरिकहरूलाई स्वास्थ्य सेवा उपभोग गर्दा आउन सक्ने आर्थिक अवरोध हटाएर गुणस्तरीय स्वास्थ्य सेवाको समतामूलक पहुँच अभिवृद्धिका लागि विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रममा विपन्न नागरिकलाई आबद्ध गराउँदै योगदान रकममा सहुलियत प्रदान गर्न एवं नेपालको संविधान बमोजिम नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक प्राप्तिको प्रत्याभूति गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) को नियम बनाउने नगर कार्यपालिकाको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम कार्यविधि, २०८०" रहेको छ ।

(२) यो कार्यविधि सुन्दरहरैंचा नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा—

(क) "स्वास्थ्य बिमा" भन्नाले स्वास्थ्य बिमा ऐन बमोजिमको नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य सेवा प्राप्तिका लागि व्यक्ति एवं परिवारले गर्ने बिमा सम्झनु पर्दछ ।

(ख) "सहुलियत" भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितले बुझाउने योगदान रकम (प्रिमियम)मा सुन्दरहरैंचा नगरपालिकाले दायित्व बहन गर्ने रकमलाई सम्झनु पर्दछ ।

(ग) "विपन्न" भन्नाले आर्थिक तथा सामाजिक गरिबीको आधारमा सुन्दरहरैंचा नगरपालिकाले वर्गीकरण गरी सूचीकृत गरेको आर्थिक एवं सामाजिक गरिबीका कारण समस्याग्रस्त परिवारलाई सम्झनु पर्दछ ।

(घ) "विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको बाह्रौं नगर सभाबाट स्वीकृत विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम सम्झनु पर्दछ ।

(ङ) "योगदान रकम (प्रिमियम)" भन्नाले नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमामा सहभागी हुँदा बिमितको तर्फबाट बुझाउने सबै रकम सम्झनु पर्दछ ।

(च) "सेवा" भन्नाले स्वास्थ्य बिमा ऐन, २०७४ को दफा ५ बमोजिम प्राप्त हुने सम्पूर्ण स्वास्थ्य सेवालाई सम्झनु पर्दछ ।

(छ) "बिमित" भन्नाले स्वास्थ्य बिमा कार्यक्रममा सहभागी भई योगदान रकम (प्रिमियम) भुक्तानी गरेको परिवारलाई सम्झनु पर्दछ ।

(ज) "बोर्ड" भन्नाले स्वास्थ्य बिमा बोर्डलाई सम्झनु पर्दछ ।

(झ) "पालिका" भन्नाले सुन्दरहरैंचा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ञ) "कार्यपालिका" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्दछ ।

(ट) "कार्यालय" भन्नाले सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(ठ) "मन्त्रालय" भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयलाई सम्झनु पर्दछ ।

(ड) "नगरपालिका" भन्नाले सुन्दरहरैंचा नगरपालिकालाई सम्झनु पर्दछ ।

(ढ) "नागरिक" भन्नाले सुन्दरहरैंचा नगरपालिकाको नागरिकलाई सम्झनु पर्दछ ।

(ण) "दर्ता सहयोगी" भन्नाले स्वास्थ्य बिमा नियमावली, २०७५ को नियम १२ बमोजिम नियुक्त व्यक्तिलाई सम्झनु पर्दछ ।

## परिच्छेद-२

## कार्यक्रममा आबद्धता सम्बन्धी व्यवस्था

३. **आबद्धता:** नेपाल सरकारको स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम ३ बमोजिम देहाय अनुसारको आबद्धता हुनेछ ।

(१) कार्यक्रममा सहभागिताको लागि ५ (पाँच) जनासम्म सदस्य रहेको परिवारलाई एक एकाइ मानिने छ ।

(२) कुनै परिवारमा पाँच जनाभन्दा बढी सदस्य भएमा बढी भए जति सदस्यको हकमा प्रति व्यक्ति स्वास्थ्य सेवा नियमावली, २०७५ को अनुसूची–१ बमोजिमको योगदान रकम भुक्तानी गर्ने गरी आबद्ध हुन सकिने छ ।

(३) कार्यक्रममा आबद्धता सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली, २०७५ बमोजिम हुनेछ ।

४. **आबद्ध हुने माध्यम:** (१) स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम ५ बमोजिमका देहायका आबद्ध हुने माध्यम हुनेछ ।

(क) दर्ता सहयागी मार्फत,

(ख) बिमा व्यवस्थापन सूचना प्रणाली मार्फत विद्युतीय दर्ता प्रणालीबाट

(२) स्वास्थ्य बिमा कार्यक्रममा आबद्धताका लागि नेपाल सरकार वा अन्तर्गतका निकायबाट जारी गरिएको परिचय खुल्ने कुनै पनि लिखतलाई आधार मान्न सकिनेछ ।

## परिच्छेद-३

## योगदान रकम र सहुलियत सम्बन्धी व्यवस्था

५. **योगदान रकम:** (१) कार्यक्रममा आबद्ध हुँदा लाग्ने योगदान रकम स्वास्थ्य सेवा नियमावली, २०७५ को अनुसूची–१ बमोजिम हुनेछ ।

(२) योगदान रकम सम्बन्धी अन्य व्यवस्था स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम १५ को उपनियम (२), (३), (४) र (५) बमोजिम हुनेछ ।

६. **व्यहोर्ने योगदान रकम:** (१) कार्यक्रममा आबद्धताको लागि स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम १६ को उपनियम (१) अधीनमा रही नेपाल सरकार, कोशी प्रदेश सरकार वा सुन्दरहरैंचा नगरपालिकाले व्यहोर्ने योगदान रकम देहाय बमोजिम हुनेछ ।

(क) प्रचलित कानून बमोजिम अति गरीबको परिचयपत्र प्राप्त परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले, (संघीय सरकारको कार्यक्रम तथा बजेट प्राप्त भएपछि मात्र)

(ख) अति अशक्त अपाङ्गता (रातो कार्ड), कुष्ठरोगी, एच.आइ.भी. संक्रमित, जटिल खालको क्षयरोगी (एम.डी.आर.टि.बी.) बिरामी भएका परिवारको योगदान रकमको शतप्रतिशत नेपाल सरकार वा प्रदेश सरकारले,

(ग) सत्तरी वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शतप्रतिशत नेपाल सरकारले,

(घ) महिला स्वास्थ्य स्वयंसेविका संलग्न भएको परिवारको योगदान रकमको ५०(पचास) प्रतिशत नेपाल सरकारले,

(ङ) सुन्दरहरैंचा नगरपालिकामा सूचीकृत गरिएको/सम्बन्धित वडाको सिफारिसको आधारमा विपन्न तथा अति विपन्न परिवारको योगदान रकममध्ये अधिकतम रू. २५०० (दुई हजार पाँच सय) सम्म सुन्दरहरैंचा नगरपालिकाले ।

७. **<u>सहुलियत प्राप्त गर्न सक्ने:</u>** (१) सुन्दरहरैंचा नगरपालिकाले वर्गीकरण गरी सूचीकृत/सम्बन्धित वडाले सिफारिस गरेका विपन्न परिवारले स्वास्थ्य बिमा गर्दा प्रथम सेवा केन्द्रविन्दु सुन्दरहरैंचा नगर अस्पताल भएमा सहुलियत प्राप्त गर्न सक्नेछन् । अन्य अस्पतालमा प्रथम सेवा केन्द्रविन्दु भएमा सहुलियत दिइने छैन ।

८. **<u>सहुलियत प्राप्त हुने प्रक्रिया:</u>** (१) यस कार्यक्रममा सहभागी हुन चाहने नागरिक (आवेदक)हरूले स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि अनुसूची–१ अनुसारको आवेदन फाराम भरी देहायका कागजात संलग्न गरी दर्ता सहयोगी मार्फत पेश गर्नु पर्नेछ ।

(क) स्वास्थ्य बिमा नियमावलीको नियम ६ सँग सम्बन्धित अनुसूची–२ को बिमालेख फाराम (भरिएको),

(ख) सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित सम्बन्धी सिफारिस पत्र,

(ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(घ) यो कार्यविधि लागु हुनुअघि भएका कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ ।

९. **<u>रकम उपलब्ध गराउने:</u>** (१) दफा ८ बमोजिम प्राप्त आवेदनहरू दफा ११ बमोजिमको पालिकास्तरीय स्वास्थ्य बिमा संयोजन समितिले जाँचबुझ गरी सूचना प्रकाशन गर्नेछ । सो सूचनामा तोकिएको समयभित्र तोकिए बमोजिम साझेदारी रकम बिमा दर्ता सहयोगी मार्फत जम्मा गरेपछि नगर कार्यपालिकाको कार्यालयबाट योगदान रकम (प्रिमियम)मा सहुलियत बापतको रकम थप गरी स्वास्थ्य बिमा बोर्डलाई भुक्तानी गरिनेछ ।

(२) विपन्नताको श्रेणीका आधारमा देहाय बमोजिम योगदान रकम (प्रिमियम)मा सहुलियत बापतको रकम उपलब्ध हुनेछ ।

(क) विपन्न नागरिकलाई पहिलो, दोस्रो र तेस्रो वर्ष क्रमश: प्रति एकाइ रू. २५००, १५०० र १००० को दरले ।

१०. **<u>सहुलियत प्राप्तिको अवधि:</u>** सुन्दरहरैंचा नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा स्रोत व्यवस्थापन भएसम्म ।

## परिच्छेद-४
## समिति, अनुगमन, मूल्याङ्कन सम्बन्धी व्यवस्था

**११. पालिकास्तरीय स्वास्थ्य बिमा संयोजन समिति:** (१) नेपाल सरकार स्वास्थ्य सेवा नियमावली, २०७५ को नियम २६ लाई आधार मानी देहाय अनुसारका पद एवं प्रतिनिधित्व रहने गरी नगरपालिकास्तरीय स्वास्थ्य बिमा संयोजन समिति गठन हुनेछ ।

(क) नगर प्रमुख — संयोजक

(ख) नगर उप–प्रमुख — सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) सामाजिक विकास समितिका संयोजक — सदस्य

(ङ) स्वास्थ्य बिमा कार्यक्रम सम्बन्धी विशेष अनुभव वा विज्ञता हासिल गरेको कार्यपालिका सदस्य वा सामाजिक क्षेत्रका व्यक्तिमध्ये नगर प्रमुखबाट मनोनित १ जना — सदस्य

(च) स्वास्थ्य शाखा प्रमुख — सदस्य सचिव

**१२. पालिकास्तरीय स्वास्थ्य बिमा संयोजन समितिको काम, कर्तव्य र अधिकार:** (१) पालिकास्तरीय स्वास्थ्य बिमा संयोजन समितिको काम, कर्तव्य र अधिकार देहाय अनुसार हुनेछन् :

(क) स्वास्थ्य बिमा सम्बन्धी पालिकास्तरीय कार्यक्रमको स्रोत व्यवस्थापन, योजना तर्जुमा तथा कार्यक्रम कार्यान्वयनमा कार्यपालिकालाई सहयोग गर्ने,

(ख) कार्यक्रमको नियमित अनुगमन, मूल्याङ्कन, समीक्षा, पृष्ठपोषण, सुधार एवं विस्तार,

(ग) स्वास्थ्य बिमा सम्बन्धी गुनासो व्यवस्थापन,

(घ) स्वास्थ्य बिमा बोर्डसँग समन्वय एवं निर्देशनको कार्यान्वयन,

(ङ) प्रिमियम सहुलियतका लागि प्राप्त आवेदनहरू छानबिन गरी निर्णय गर्ने ।

## परिच्छेद-५
## बाधा अड्काउ फुकाउ सम्बन्धी व्यवस्था तथा विविध

**१३. सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाको कार्यालयले आवश्यक व्यवस्थापन गर्ने:** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा सुन्दरहरैंचा नगरपालिका नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउने छ ।

**१४. विविध:** यस कार्यविधिमा उल्लेख नभएका विषयमा प्रचलित ऐन, नियमावलीमा उल्लेख भए अनुसार हुनेछ ।

अनुसूची–१
(बुंदा ८.१ सँग सम्बन्धित कार्यविवरणको ढाँचा)
सुन्दरहरैँचा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटचोक, मोरङ
कोशी प्रदेश, नेपाल

मिति:

विषय: स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि आवेदन ।

श्रीमान् ........................ ज्यू,
सुन्दरहरैँचा नगरपालिका,
वडा नं. ..............................., मोरङ ।

उपर्युक्त सम्बन्धमा विपन्न नागरिक स्वास्थ्य बिमा कार्यक्रम अन्तर्गत स्वास्थ्य बिमा योगदान रकम सहुलियतको लागि देहाय अनुसार कागजात सहित निवेदन फाराम पेश गरेको छु ।

| |
|---|
| आवेदक: |
| नामथर : |
| ठेगाना : |
| नागरिकता नं : |
| दस्तखत : |
| सम्पर्क नं. : |

आज्ञाले,
विनोद कुमार न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत